# फिदिम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिदिम,पाँचथर
१ नं. प्रदेश, नेपाल

## सेवा करारमा रोजगार संयोजक पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७६।०९।२५ गते)

रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६ बमोजिम यस फिदिम नगरपालिकामा रोजगार संयोजक पदका लागी खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नूपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त पेश गर्नूहुन यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फारामको लागी कार्यालयको वेभसाइट बाट अनूसूची १ र २ डाउनलोड गर्न सकिनेछ। साथै परिक्षाको पाठ्यक्रम यसै कार्यालयको वेभसाइटमा राखिएको छ।

१) पद: रोजगार संयोजक (अधिकृत छैंटौ तह)
२) माग संख्या : १(एक)
३) आवश्यक न्यूनतम योग्यता:
   क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उतीर्ण गरेको
   ख) दरखास्त दिने मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
४) करारअवधि : २०७७ साल असार मसान्त सम्म (नवीकरण हुनसक्ने)
५) तलब : नेपाल सरकारको नियमानुसार
६) आवश्यक कागजातहरु:
   क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
   ख) पासपोर्ट साईजको फोटो १ प्रति
   ग) शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि १/१ प्रति
   घ) कार्यानुभव र तालिम भए सोको प्रमाणपत्रको १/१ प्रति
७) आवेदन दस्तुर : रु. एकहजार मात्र (रु. १,०००।०० )
८) परिक्षाको किसिम : लिखित र कम्प्युटर सिप परिक्षण
९) प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन: २०७६/१०/१६गते
१०) परिक्षा मिति र स्थान : पछि सूचना प्रकाशन गरिने छ।

अन्य कुराहरु रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुनेछ र थप जानकारीका लागी कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

सदस्य सचिव
रोजगार संयोजक पदपूर्ति समिति